# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## भिमसेनथापा गाउँपालिका
## गोरखा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश )

पत्र संख्याः २०७८।७९
च.नं. ३९

मितिः २०७९।३।२५

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,
भिमसेनथापा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
गोरखा ।

**कैफियत सहितको राय**

हामीले भिमसेनथापा गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.२ करोड १७ लाख ५६ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रिया प्राप्त नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.२ लाख २० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ९० लाख ४ हजार, नियमित गर्नुपर्ने रू.९ लाख ७५ हजार र पेश्की रू.१५ लाख ५७ हजार रहेको छ । गतवर्ष रु.३ करोड ९१ लाख ६० हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.६ करोड ९ लाख १६ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। गाउँपालिकाबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

भिमसेनथापा गाउँपालिका

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| २७ | ३९ | २१७५६ | - | - | - | २७ | ३९ | २१७५६ | २२० | ९७५ | १९००४ | - | - | १९९७९ | १५५७ |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गोरखा | ३९१६० | - | - | ३९१६० | - | २१७५६ | ६०९१६ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : भीमसेनथापा गाउँपालिका, गोरखा , भीमसेन गाउँपालिका , गोरखा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | विजय राज वाग्ले | २०७७-१२-२९ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | कृष्ण थापा | २०७७-४-१ | |
| लेखा प्रमुख | महेन्द्र शर्मा | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | २१,७५५,५५२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १६,३०,१३,०२२.३ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३३,४३,९०,५७४ | चालु खर्च | २८,७३,७२,००२ |
| प्रदेश सरकारबाट अनुदान | १,२५,७७,२३८ | पूँजीगत खर्च | १५,१९,८९,६५८ |
| राजश्व बाँडफाँट | ६,४३,७५,६४९.३४ | वित्तीय/अन्य व्यवस्था | १,७५,३०,१८९ |
| आन्तरिक आय | ५८,२८,८९५.०८ | | |
| अन्य आय | ३,४८,१३,७२६ | | |
| कुल आय | ४५,१९,८६,०८२.४२ | कुल खर्च | ४५,६८,९१,८४९ |
| बाँकी मौज्दात | | १५,८१,०७,२५५.७२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १ | | | . <br>उल्लेखित आर्थिक कारोवारहरूको स्वीकृत समष्टिगत तथा इकाईगत लेखापरीक्षण योजना, कार्यालयबाट पेस गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरू, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार र कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरूलाई प्रतिवेदनमा समावेश गरिएको छैन । उल्लिखित लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरू सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरूसँग मिति २०७८।१० ।१८ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू निम्नानुसार छन्: | |
| २ | | | **परिचयः**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ८ वडा, ४४ सभा सदस्य, १०१.३४ वर्ग किलोमिटर क्षेत्रफल तथा २२०३३ जनसंख्या रहेको छ । | |
| ३ | | | **सञ्चितकोषको हिसाबः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७७।०७८ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः | |

| आ.व. : २०७७/७८ अवधी : २०७७/०४/०१ - २०७८/०३/३१ | | | | | | | | |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५०,४७,२८,१३६.५० | ४५,१९,८६,०८२.४२ | | ४५,१९,८६,०८२.४२ | ४३,७३,८१,९४४.३० | | ४३,७३,८१,९४४.३० |
| क. प्राप्ति | | ४८,०७,६९,१४५ | ४१,७०,९७,५०६.४२ | ० | ४१,७०,९७,५०६.४२ | ३८,९३,८०,९८३.३० | ० | ३८,९३,८०,९८३.३० |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | (संचितकोषमा आम्दानी बाँधिने) | | | | | | | | | |
| | | | | ११००० कर | ११ | ७,४६,५१,१७० | ६,५६,५०,९९५.०८ | ० | ६,५६,५०,९९५.०८ | ५,०७,४०,६२३.६२ | ० | ५,०७,४०,६२३.६२ | |
| | | | | १३००० अनुदान | | ४०,२८,०६,०८० | ३४,६९,६७,८१२ | ० | ३४,६९,६७,८१२ | ३३,५५,२६,८३० | ० | ३३,५५,२६,८३० | |
| | | | | संघीय सरकार | १२ | ३८,०५,८२,०८० | ३३,४३,९०,५७४ | ० | ३३,४३,९०,५७४ | ३२,२७,०७,९९१ | ० | ३२,२७,०७,९९१ | |
| | | | | प्रदेश सरकार | १२ | २,२२,२४,००० | १,२५,७७,२३८ | ० | १,२५,७७,२३८ | १,२८,१८,८३९ | ० | १,२८,१८,८३९ | |
| | | | | १४००० अन्य राजस्व | | २८,११,८९५ | २५,०६,३८३.३४ | ० | २५,०६,३८३.३४ | २७,३१,४५२.६८ | ० | २७,३१,४५२.६८ | |
| | | | | १५००० विविध प्राप्ति | | ५,००,००० | १९,७२,३१६ | ० | १९,७२,३१६ | ३,८२,०७७ | ० | ३,८२,०७७ | |
| | | | | ख. अन्य प्राप्ति | | २,३९,५८,९९१.५० | ३,४८,८८,५७६ | | ३,४८,८८,५७६ | ४,८०,००,९६१ | | ४,८०,००,९६१ | |
| | | | | वितरण गर्न बाकी राजस्व | | ० | ७४,८५० | ० | ७४,८५० | ० | ० | ० | |
| | | | | कोषहरु | | २,३९,५८,९९१.५० | ३,२४,००,१०२ | ० | ३,२४,००,१०२ | ४,५७,३८,२१७ | ० | ४,५७,३८,२१७ | |
| | | | | धरौटी | | ० | २४,१३,६२४ | ० | २४,१३,६२४ | ११,०७,३४१ | ० | ११,०७,३४१ | |
| | | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ११,५५,४०३ | ० | ११,५५,४०३ | |
| | | | | भुक्तानी (ग+घ) | | ६६,६९,०५,५०२.५० | ४५,६८,९१,८४९ | | ४५,६८,९१,८४९ | ३४,४६,०९,०६९ | | ३४,४६,०९,०६९ | |
| | | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६४,२९,४६,५११ | ४३,९३,६१,६६० | | ४३,९३,६१,६६० | ३०,४५,८७,६८७ | | ३०,४५,८७,६८७ | |
| | | | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | २१,२२,८८,००० | १८,९२,६८,४२६ | ० | १८,९२,६८,४२६ | १५,६४,९२,७०६ | ० | १५,६४,९२,७०६ | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ७,९५,०८,७६३ | ४,२९,६७,५०० | ० | ४,२९,६७,५०० | २,८९,००,२०७ | ० | २,८९,००,२०७ | |
| | | | २५००० सहायता (Subsidy) | १८ | ४,९१,६०,८७० | ४,५७,९३,७३३ | ० | ४,५७,९३,७३३ | ४,६९,८९,२९० | ० | ४,६९,८९,२९० | |
| | | | २६००० अनुदान | १८ | ५३,५०,००० | १,१७,४०७ | ० | १,१७,४०७ | ३७,६०,००० | ० | ३७,६०,००० | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | ८६,५४,००० | ८१,३२,१२५ | ० | ८१,३२,१२५ | ४०,५७,७८८ | ० | ४०,५७,७८८ | |
| | | | २८००० अन्य खर्च | १८ | ३०,००,००० | १०,९२,८११ | ० | १०,९२,८११ | १२,५१,००० | ० | १२,५१,००० | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २८,४९,८४,८७८ | १५,१९,८९,६५८ | ० | १५,१९,८९,६५८ | ६,३१,३६,६९६ | ० | ६,३१,३६,६९६ | |
| | | | घ. अन्य भूक्तानी | | २,३९,५८,९९१.५० | १,७५,३०,१८९ | | १,७५,३०,१८९ | ३४,४६,०९,०६९ | | ३४,४६,०९,०६९ | |
| | | | कोषहरु | | २,३९,५८,९९१.५० | १,६८,९४,५०८ | ० | १,६८,९४,५०८ | ३,८२,७४,९७९ | ० | ३,८२,७४,९७९ | |
| | | | धरौटी | | ० | ६,३५,६८१ | ० | ६,३५,६८१ | ५,९१,००० | ० | ५,९१,००० | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ११,५५,४०३ | ० | ११,५५,४०३ | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | (१६,२१,७७,३६६) | (४९,०५,७६६.५८) | | (४९,०५,७६६.५८) | ९,२७,७२,८७५.३० | | ९,२७,७२,८७५.३० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १६,३०,१३,०२२.३० | | १६,३०,१३,०२२.३० | ७,७७,०३,३८४ | | ७,७७,०३,३८४ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (१६,२१,७७,३६६) | १५,८१,०७,२५५.७२ | | १५,८१,०७,२५५.७२ | १७,०४,७६,२५९.३० | | १७,०४,७६,२५९.३० |
| बैंक तथा नगद बाकी | २४ | | १५,८१,०७,२५५.७२ | | १५,८१,०७,२५५.७२ | १७,०४,७६,२६०.३० | | १७,०४,७६,२६०.३० |

गाँउपालिकाले पेश गरेको वित्तिय विवरणमा समावेश नभएका खर्च शिर्षकहरु निम्नानुसार रहेका छन्ः

| सि.नं. | खर्च शिर्षक | बजेट | निकासा/खर्च |
|---|---|---|---|
| १ | ३७०००११६४-एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ८५०००००. | ० |
| २ | ३१४०१०१२३-सामाजिक सुरक्षा तथा संरक्षण | १०८९३६०००. | १०५११७१२७. |
| ३ | ३६५००१०४३-स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ५५०००००. | ५३०६३६९. |
| ४ | ३६५०१११११४-स्थानीय तह प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रम | १८०००००. | ०. |
| ५ | ३५००००११४-सामाजिक विकास मन्त्रालय | २००००००. | १९७०२८१ |
| ६ | ३१४०००११३-आन्तरिक मामिला तथा कानून मन्त्रालय | ४३०००. | ४३०००. |
| ७ | ३५००१०११३- शिक्षा विकास निर्देशनालय | ५०००००. | ५०००००. |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | जम्मा | १२७२७९०००. | ११२९३६७७७. | | |
| ४ | | | **आन्तरिक नियन्त्रणः** | | | | | | |
| ४.१ | ० | | • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा गरेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको छैन ।<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको छैन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ अनुसार खरिदको गुरुयोजना तयार गर्नुपर्नेमा तयार गरेको छैन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गर्नुपर्नेमा तयार गरेको छैन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक गरेको छैन । | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.२ | ० | | • सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन गरेको पाइएन ।<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखे राखेको पाइएन । | |
| ४.३ | ० | | म. ले. प. फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्धतिः भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरिएको छ । यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन्ः<br>• म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि दैनिक कोर्य सम्पादनको अभिलेख राखेको पाइएन ।<br>• म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राखेको पाइएन । | |
| ४.४ | | | बेरुजु लगतः<br>बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । बेरुजु लगत सम्बन्धमा निम्न फारामहरु प्रयोगमा ल्याइएको पाइएनः<br>म. ले. प. फाराम ८०१ – बेरुजु लगत म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन<br>म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख | |
| ५ | | | **वित्तिय विवरणको विश्लेषणः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण अनुसार पालिकाले NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गरेको छ । | |
| ५.२ | | | निबृत्ती भरण कोष ऐन, २०७५ को दफा १० अनुसार कार्यालयले कर्मचारिको मासिक तलबबाट ६ प्रतिशतले हुन आउने रकम कट्टा गरी सो मा नेपाल सरकारको तर्फबाट १०० प्रतिशत रकम थप गरी कोषमा जम्मा गर्नु पर्ने व्यवस्था अनुसार कट्टा गरी जम्मा गरेको छ । | |
| ५.३ | | | **कार्यक्रम तथा प्रगतिः** तोकिएको लक्ष्य पुरा हुने गरी शत प्रतिशत प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु मात्र छनौट गरी कार्यान्वयनमा लैजानुपर्दछ । लक्ष्य अनुसार प्रगति नहुने हो भने बार्षिक कार्यक्रमको कुनै औचित्य नरहने हुँदा पालिकाले योजना छनौटमा ध्यान पुर्याउनु पर्दछ । पूँजीगत कार्यक्रम तर्फ कम प्रगति भएका केही उदाहरण देहायअनुसार छन्: | |

| कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|
| भवन मर्मत गाउँपालिका | ५,००,००० | ० | ०.०० |
| जग्गाखरिद गाउँपालिका कार्यालय भवन निर्माण | ० | ० | ०.०० |
| जग्गाखरीद गाउँपालिका वा वडा कार्यालय भवननिर्माण | २०,००,००० | ० | ०.०० |
| विद्युतट्रान्समिटर खरिद वडा नं ४ | ४,००,००० | ० | ०.०० |
| शुस्वास्थ्य अन्तर्गत फ्रिज, उपकरण औषधी लगायतका अन्य सामाग्री खरिद | ५,००,००० | ० | ०.०० |
| कैजलेताराखसे सडक | ५,००,००० | ० | ०.०० |
| घ्याम्पेसालपम्पिङ खानेपानी मुहान जाने सडक निर्माण | २,००,००० | ० | ०.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | झगरेकटहरे वाँध हरिया सडक | ४,००,००० | ० | ०.०० | | |
| | | | | होर्लाङसड्क निर्माण | ५,००,००० | ० | ०.०० | | |
| | | | | पखेलेपधेरा तल्लोगाउँ कसिन्थोक सडक | ० | ० | ०.०० | | |
| | | | | सिम्लेपधेरापौडेलगाउँ सडक | ० | ० | ०.०० | | |
| | | | | क्वायापानीताराखसे जोगीगाडे सडक पक्की नालि एंव वाल निर्माण दुल्लभ मार्ग | १५,००,००० | ० | ०.०० | | |
| | | | | वडाकार्यालय पखाले पदेरा सडक स्तरोन्नती | ३,००,००० | ० | ०.०० | | |
| | | | | भन्तनागाउँ आपको फेद डुम्रे सम्म सडक स्तरोन्नती | ० | ० | ०.०० | | |
| | | | | सिध्दकालीमन्दिर विद्युत विस्तार र सालिक स्थानान्तरण | ० | ० | ०.०० | | |
| | | | | होर्लाङ्गखानेपानी मर्मत | ० | ० | ०.०० | | |
| | | | | गिरदीफेदराम्चे डिही खानेपानी | ५,००,००० | ० | ०.०० | | |
| | | | | वगुवाखेत पम्पिङ खानेपानी योजना वडा नं २ | १३,००,००० | ० | ०.०० | | |
| | | | | वडाकार्यालयभवन घेरावार र गेट निर्माण | ५,००,००० | ० | ०.०० | | |
| | | | | वोझपानीसिढी बाटो निर्माण | ५०,००० | ० | ०.०० | | |
| | | | | महादेवमन्दिर रैथाने साविक वडा नं. ६ | ० | ० | ०.०० | | |
| | | | | भिमसेनथापास्मृति पार्क तथा संग्राहालय निर्माण | १७,००,००० | ० | ०.०० | | |
| | | | | भिमसेनथापापार्क निर्माण | १३,५०,००० | ० | ०.०० | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | भिमसेनथापापार्क निर्माण | १,५०,००० | ० | ०.०० | | |
| | | | | कृषिउपज संकलन केन्द्र निर्माण वडा नं १ निवेल | २,००,००० | ० | ०.०० | | |
| | | | | पशुपतिनाथमन्दिर निर्माण सुडेचौतारा तान्द्राङखोला कासीघाट | १३,९५,८६९ | ० | ०.०० | | |
| | | | | पशुपतिनाथमन्दिर निर्माण सुडेचौतारा तान्द्राङखोला कासीघाट | १,०४,१३१ | ० | ०.०० | | |
| | | | | दुल्लभपार्क मुडुलो थुम्को वडा नं ३ | ५,००,००० | ० | ०.०० | | |
| | | | | दलितवस्ति सामुदायिक भवन, रनेचौतारा | ५,००,००० | ० | ०.०० | | |
| | | | | भिमसेनथापास्मृति पार्क तथा सग्राहालयनिर्माण | ५०,००,००० | ० | ०.०० | | |
| | | | | शिवमन्दिर निर्माण | ५,००,००० | ० | ०.०० | | |
| | | | | गाउँपालिकाप्रवेशद्वार निर्माण | ५,००,००० | ० | ०.०० | | |
| | | | | कनकामनाआ.वि.विद्यालय गेट निर्माण | १,००,००० | ० | ०.०० | | |
| | | | | सिम्लेपधेरा पौडेल गाउँ घोरेटो बाटो निर्माण एवं ढलान | ४,००,००० | ० | ०.०० | | |
| | | | | सामतेनगुम्बा निर्माण | ५,००,००० | ० | ०.०० | | |
| | | | | नहरकोडिपिआर र आई.ई.ई | १५,००,००० | ० | ०.०० | | |
| | | | | आईईरिपोर्ट तयार | ५,००,००० | ० | ०.०० | | |
| | | | | आवधिकयोजना निर्माण | १०,००,००० | ० | ०.०० | | |
| | | | | औद्योगिग्रामको डिपिआर निर्माण | १५,००,००० | ० | ०.०० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ६ | | | **कानून निर्माणः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था भएकोमा पालिकाले २४ ऐन, ४ नियमावली र २३ वटा कार्यविधि समेत ५१ कानून निर्माण गरेको भएतापनि निम्न ऐन तथा नियम निर्माण गरेको पाइएनः<br>• सार्वजनिक खरिद ऐन<br>• सार्वजनिक खरिद नियमावली | |
| ७ | | | **बजेट पेश, पारित र अख्तियारीः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री विनु वाग्लेले २०७७।३।१० गते रु ६१ करोड ३८ लाख ६७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।३१ मा पारित भएको छ । यसैगरी स्थानिय तहका प्रमुखले २०७७।४।४ मा प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको छ । | |
| ८ | | | **बजेट खर्चः** | |
| ८.१ | | | कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरी पेश गरेको पाइएन । | |
| ८.२ | | | **क) क्षेत्रगत बजेट र खर्चः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको 2077।78 को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | 49791144 | 16812582 | 3.83 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| सामाजिक क्षेत्र | 335295699 | 269340762 | 61.30 |
| पूर्वाधार विकास क्षेत्र | 154017000 | 81840009 | 18.62 |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | 11360000 | 5043347 | 1.15 |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | 92482668 | 66324960 | 15.10 |
| **जम्मा** | **642946511** | **439361660** | **100** |

**ख) चौमासिक खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेस्रो चौमासिकमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| १ | संघिय सरकार | 2487.00 | 0.00 | 0.00 | 2487.00 | 2080.00 |
| २ | प्रदेश सरकार | 353.00 | 0.00 | 0.00 | 353.00 | 0.00 |
| ३ | गाउँपालिका | 149150.00 | 9925.00 | 22565.00 | 116660.00 | 7260.00 |
| ४ | कूल खर्च: | 151990.00 | 9925.00 | 22565.00 | 119500.00 | 9340.00 |
| ५ | खर्च प्रतिशत | | 6.53 | 14.85 | 78.62 | 6.15 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था भए बमोजिम उक्त्त विवरण देखिने पालिकाले प्रोफाइल तयार गरेको पाइएन । | |
| ९ | | | **अबण्डा बजेटः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष रु. ६८ लाख २० हजार अबण्डा बजेट राखेको छ । उक्त अबणडा रकम कार्यपालिकाको २०७७।६।३० को निर्णयबाट पुँजिगत तर्फ सडक तथा सिँचाई कार्यमा ३८ लाख १९ हजार ८६९ बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबणडामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **योजना र कार्यान्वयनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु. १ लाख भन्दा कमको योजना | 17 | 900000 |
| २ | रु .१ लाख देखि ५ लाख सम्मका योजना | 221 | 44350000 |
| ३ | रु. ५ लाख देखि १० लाख सम्मका योजना | 75 | 36300000 |
| ४ | रु. १० लाख एक देखि ५० लाख सम्मका योजना | 13 | 21100000 |
| ५ | रु. ५० लाख भन्दा माथीका | 5 | 111000000 |
| | जम्मा | 331 | 213650000 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **सहायता प्रदानः**<br>• महोत्सव तथा अन्य खर्च भुक्तानी गर्दा संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिने गरी कानून बनाएको पाइएन तर पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिने गरेको छ । कानून बनाएर मात्र यस्ता सहायता प्रदान गर्नुपर्दछ । | |
| १२ | | | **राजश्व आन्तरिक नियन्त्रणः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२.१ | | | **राजश्व वाँडफाँडः** स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व वाँडफाँड गर्नुपर्नेमा नगरेको वा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने रु.<br><br>आय शीर्षक: अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी; संकलित रकम: 74580; प्रदेशलाई पठाउनु पर्ने प्रतिशत: 40; पठाएको रकम: 0; पठाउन बाँकी रकम: 29940 | २९,९४० |
| १२.२ | | | **राजश्व लेखा अद्यावधिक नभएकोः** आर्काथिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को दफा ५९ मा जुनसुकै माध्यमबाट प्राप्त राजश्व स्वीकृत राजश्व वर्गीकरण र व्याख्या बमोजिम लगती राजश्व आम्दानी दाखिला गरी गोश्वारा भौचर तयार गरी दोहोरो लेखा प्रणालीकव सिद्धान्त अनुसार राजश्व लेखा अद्यावधिक गर्नु पर्नेमा सो गरेको पाइएन । वडा कार्यालयमा पठाएको राजश्व रसिद अनुसार आम्दानी भए नभएको परीक्षण गरी राजश्व आम्दानीको भौचर उठाउनु पर्नेमा रसिद नियन्त्रण खाता राखेको तर वडा कार्यालयमा उठेको राजश्व रकम समयमा बैक दाखिला गरि रसिद फिर्ता गर्नु पर्नेमा सो गरेको पाइएन ।<br>**वैंक नगदी कितावः** कार्यालयले मुल संचित कोषको वैंक नगदी किताव तयार गरेको छैन । जसले गर्दा आन्तरीक आय, विषयगत निकाय तथा अन्य श्रोतवाट प्राप्त आम्दानीको सहि लेखांकन भए नभएको सुनिश्चित गर्न सकिएन । प्राप्ती तथा खर्चको विवरण अद्यावधिक गर्नुपर्दछ ।<br>**राजश्व ढीला दाखिलाः** आर्थिक कार्यविध तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१) मा नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएको सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिएबमोजिमको ढाँचामा राजश्वको लेखा राखी बैक दाखिला गर्नु पर्ने व्यस्थाा छ । पालिकामा वडाहरुबाट उठेको राजश्व रकम केही समय ढिलो गरी राजश्व दाखिला गरेको पाइयो । अत नियमावलीको व्यवस्था बमोजिम समयमा राजश्व दाखिला गर्नु पर्दछ ।<br>**परिमाण नखुलाई संझौताः** नदीजन्य पदार्थको संकलन तथा विक्रिको लागि आइ इ इ रिपोर्ट अनुसारको बोलपत्रको सुचना प्रकासन गरि नदिजन्य पदार्थको निकासी गर्नु पर्नेमा पालिकाको क्षेत्रमा रहेका नदीजन्य पदार्थको ठेक्का लगाउन पहल गरेको पाइएन । अतः पालिकाले नदिजन्य पदार्थको ठेक्का लगाइ आन्तरिक आय बढाउने तर्फ पहल गर्नु पर्ने देखिन्छ । | |
| १३ | | | **सम्पनती उपयोगः** | |

Nested table within row १२.१:

| आय शीर्षक | संकलित रकम | प्रदेशलाई पठाउनु पर्ने प्रतिशत | पठाएको रकम | पठाउन बाँकी रकम |
|---|---|---|---|---|
| अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी | 74580 | 40 | 0 | 29940 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३.१ | | | संपति हस्तान्तरण र अभिलेख साविक गाउँपालिका संघिय, विषयगत कार्यालयको सम्पति र साविकका कार्यालयका कोषहरु हस्तान्तरण र अभिलेख अद्यावधिक गरी राख्नु पर्नेमा अद्यावधिक गरेको पाइएन । | |
| १३.२ | | | **जिन्सी दाखिलाः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन, 2076 को नियम 28(1) मा जिन्सी सामान खरीद गरेकोमा खरीद गरेको 7 दिन भित्र जिन्सी दाखिला गर्नु पर्दछ । वडा कार्यालय मार्फत खरीद गरिएका खर्च भएर जाने सामानहरुको भुक्तानीमा दाखिला प्रतिवेदन समावेश भएको नपाइएकाले जिन्सी खातामा आम्दानी बाँधी जिन्सी खाता अध्यावधिक गरेको प्रमाण पेश गर्नु पर्ने रु. | ७१,९८० |

| भौ-मिति | सामानको नाम | रकम |
|---|---|---|
| 84-078/3/16 | फोटोकपी पेपर,डटपेन,कार्यालय प्रयोजनका अन्य सामान | 15000 |
| 87-078/3/29 | फोटोकपी पेपर,डटपेन,कार्यालय प्रयोजनका अन्य सामान | 11980 |
| 88-078/3/21 | फोटोकपी पेपर,डटपेन,कार्यालय प्रयोजनका अन्य सामान | 30000 |
| 94-078/3/23 | फोटोकपी पेपर,डटपेन,कार्यालय प्रयोजनका अन्य सामान | 15000 |
| जम्मा | | 71980 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३.३ | | | सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख नभएको र सम्पतिकव संरक्षण र उपयोग सम्बन्धी नीति र मापदण्ड बनेको पाइएन । संरक्षण र उपयोग नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गर्ने गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | ९५ | २०७७-१०-२५ | **पाईपको प्रयोगः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारको शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । वालुवाटार खानेपानी-४, योजनामा नापीमा रु.७९२६६३.०० कार्य भएकोमा उपभोक्ताको योगदान घटाई रु.६७८५३२.०० उपभोक्ता समितिलाई भुक्तानी भएको छ । तपसिलको ७३६० मि. पाईप रु.४०६५३०.०० मा खरिद गरेको छ। निर्माण कार्यमा पाईपलाईन २२०० मिटर खन्ने कार्य भएको देखिन्छ ।खरिद गरेको सबै पाईप प्रयोग भएको देखिएन । खरिद भएको ७३६० मिटर मध्ये २२०० मिटर पाईपको रु.३५.१० का दरले जम्मा रु.७७७२०.०० मात्र प्रयोग भएको देखियो । बाँकी ५१६० मिटर पाईप प्रयोग भएको प्रमाण पेश गर्नुपर्ने रु. | ३२९,३१० |
| १५ | | | **अनुत्पादक खर्च**<br>सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.७८१६४८ खर्च लेखी भुक्तानी गरेको छ। | |
| १६ | | | **शिक्षा तर्फः** | |

(क्रम १५ भित्रको तालिका)

| भौ . नं./मिति | कार्यक्रम | भुक्तानी लिने | भुक्तानी रकम रु |
|---|---|---|---|
| ३७४-२०७८।२।२१ | सदस्यता शुल्क भुक्तानी | गाउंपालिका राष्ट्रिय महासंघ | 40000 |
| ४२०-२०७८।३।१० | वडा वित्त चित्र निर्माण | फलानो विर्कयसन | 500000 |
| ४५१-२०७८।३।१७ | युवा फुटबल कार्यक्रम | जनकल्याण युथ क्लव | 30000 |
| ५०६-२०७८।३।२२ | वरामजाती सास्कृतिक संरक्षण | दुर्लभ सामुदायीक सिकाइ केन्द्र | 211648 |
| | जम्मा | | 781648 |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६.१ | | | विद्यालयगत अभिलेख शिक्षक र कर्मचारीको तलव भत्ता र ग्रेडको रकम खुलेको प्रतिवेदन पारीत नगरी तलब भत्ता निकासा दिएको निकासा अभिलेख खाता राख्ने गरेको पाइएन ।<br>**माग फारम बेगर तलब भुक्तानीः** कार्यक्रम कार्यान्वयन पुस्तिका२०७७/०७८ को बुदा नं. १ मा स्थानिय तहले कार्यरत शिक्षकको तलब भत्ता निर्धारण गर्दा यस केन्द्रको च.नं.१८९ मिति २०७६।११।१२ को पत्र र केन्द्रको वेवसाइटमा प्रकाशित विवरण अनुसार यकिन भएको दरबन्दीलाइ शिक्षक दरबन्दी कार्यविधि २०७६ अनुसार मलान गरी कायम शिक्षकको लागि विद्यालयबाट प्राप्त माग फारम रुजु गरी अनुदान उपलब्ध गराउने व्यवस्था रहेकोमा पालिकाले सरस्वती मा.वि को तेस्रो त्रैमासिकमा माग फारम वेगर रु.२६६६३५५।भुक्तानी भएको रकम बास्तविक माग अनुसारकै निकासा भएको भन्ने प्रमाण पेश गर्ने रु. | २,६६६,३५५ |
| १६.२ | | | सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको नपाइएको | |
| १६.३ | | | **नमुना विद्यालयः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ को कृयाकलाप नं. ८ मा नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदान प्रति विद्यालय बार्षिक रु १ करोड देखि रु.१ करोड ५० लाख अनुदान उपलब्ध गराउन सक्ने साथै सोहि कृयाकलापको (ज) को व्यवस्था बमोजिम स्थानिय तहबाट अनुसूची १० मा उल्लेखित निर्माण समय तालिका निर्माण गरि विद्यालयले आर्थिक वर्षाको जेष्ठ मसान्त सम्म निर्माण कार्य सम्न्न गरी असार १५ सम्ममा कार्य सम्पन्न प्रतिवेदन तयार गरि प्रमाणित गरी एक प्रति स्थानिय तहमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ । पालिकाले भौ. १८३-०७८/३/२२ बाट नमुना विद्यालय दुल्लभ मा.वि लाई रु.१५००००००। निकासा भएकोमा कार्य सम्पन्न प्रतिवेदन पेश नगरेकोले कार्यसम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रु. | १५,०००,००० |
| १६.४ | | | **दिवा खाजाः** कार्यक्रम कार्यान्वयन निर्देशिकका २०७७/०७८ को बुदा नं. ७ को व्यवस्था बमोजिम प्रति विद्यार्थि रु.१५ का दरले विद्यार्थीको दैनिक हाँजिरी पुस्तीका प्रमाणीतको आधारमा दिवा खाजा भुक्तानी दिनु पर्न व्यवस्था छ । शान्ती माध्यमिक विद्यालयको दिवा खाजा वापत रु७५७७३। खर्च लेखेकोमा रु.७२६२३। को मात्र वितरण भर्पाइ पेश भएकोले भरपाइ भन्दा बढी रु.२६९३। खर्च रकम सम्बन्धित विद्यालयबाट असुल गरि बेरुजु खातामा दाखिला गर्नु पर्ने रु.<br><br>**क्रम** \| **कर्मचारीको/फर्म/संगठन नाम** \| **असुली रकम**<br>१६.४.१ \| शान्ती माध्यमिक विद्यालयको \| २,६९३ | २,६९३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
